दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

# बेरोजगार दर्ता तथा न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

**"श्रमको सम्मान, राष्ट्रिय अभियान"**

**"न्यूनतम रोजगार, नागरिकको अधिकार"**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (दोश्रो संशोधन), २०७८ बमोजिम **आगामी आर्थिक वर्ष २०८०/८१** मा यस दक्षिणकाली नगरपालिकामा न्यूनतम रोजगारीमा (१०० दिनको रोजगारी) संलग्न हुन इच्छुक **१८ देखि ५९ वर्ष** उमेर समूहका वेरोजगार व्यक्तिहरुले **२०७९ फाल्गुण महिनामा** आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा वेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन सम्बन्धित वडा कार्यालयमा उपलब्ध फाराम भरी निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । पूर्ण रुपमा नभरिएको निवेदन स्वीकृत हुने छैन, सो का लागि व्यक्तिगत विवरण, पारिवारिक विवरण, आय आम्दानी तथा अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएको समेत यथार्थपरक र पूर्ण विवरण भरेको हुनुपर्नेछ ।

निवेदनका लागि एक प्रति पासपोर्ट साईजको फोटो र आफू लगायत परिवारका बालिग सदस्यहरुको नागरिकताको छायाँप्रति आवश्यक पर्नेछ । स्थायी ठेगाना दक्षिणकाली नगरपालिका भन्दा अन्यत्र भएका निवेदकले विवाह दर्ता वा बसाई सराईको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

यस कार्यक्रम अन्तरगत सञ्चालन हुने न्यूनतम रोजगारीले सामाजिक र आर्थिक अवसरबाट वञ्चित समुदायलाई सामाजिक संरक्षण दिने उद्देश्य लिएकोले निवेदकहरुले नियमानुसार आगामी दिनमा नगरपालिकाले लगाउने १०० दिन सम्मको सार्वजनिक मर्मत तथा निर्माण लगायतको काममा संलग्न हुनुपर्नेछ ।

भोला प्रसाद थापामगर
प्रमुख प्रशासकीय अधिकृत